**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

१. **निकायको स्वरुप र प्रकृतिः**
भुक्तानी सेवा प्रदायक संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकारः**
भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरणः**
कार्यरत कूल कर्मचारी संख्या २२ रहेको र कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भैरहेको छ । कम्पनीको व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.ndpc.com.np मा उपलब्ध छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः**
भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ बमोजिम भुक्तानी सेवा प्रदायक (PSP) को इजाजतप्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएका सम्पूर्ण सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
कम्पनीको हाल कुनै शाखा कार्यालय नरहेको र जिम्मेवार पदाधिकारीहरूको विवरण कम्पनीको वेबसाइट www.ndpc.com.np मा उपलब्ध रहेको ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**
कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि आवश्यकता अनुसार कम्पनीको वेबसाइट www.namastepay.com मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः**
कम्पनीको सर्वोच्च निकायको रुपमा सञ्चालक समिति रहेको छ । सञ्चालक समितिको नीति निर्देशन तथा निर्णयहरुको अधीनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ भने कार्य प्रकृति अनुसार तहगत रुपमा निर्णय गर्ने व्यवस्था रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
ग्राहकहरुले गुनासो तथा उजुरी गर्नका लागि कम्पनीले टोलफ्रि नम्बर सहितको टेलिफोन कल सेन्टर, इमेल तथा उपलब्ध डिजिटल माध्यमहरू फेसबुक, भाइबर लगायत चिठिपत्र समेतको माध्यम उपलब्ध गराएको छ ।

९. **सम्पादन गरेको कामको विवरणः**
भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ बमोजिम भुक्तानी सेवा प्रदायक (PSP) को इजाजतप्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएका कार्यहरू सम्पादन भैरहेको छ ।

**१०. सूचना अधिकारीको नाम र पदः**
सूचना अधिकारीः श्वेता बाग्ला

पदः प्रमुख, विजिनेस
नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१४११७१००, ०१४११७२००
इमेलः press@ndpc.com.np

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचिः**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू कम्पनीले पालना गर्नुपर्ने हुन्छ । साथै देहाय बमोजिमका ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरू कम्पनीको कार्य सञ्चालनमा विशेष रुपले सम्बन्धित रहेका छन्:

| | | | |
|---|---|---|---|
| १. | भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ | २. | भुक्तानी तथा फस्र्यौट विनियमावली, २०७७ |
| ३. | भुक्तानी प्रणाली निरिक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८ | ४. | भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन - २०७८ |
| ५. | विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८ | ६. | Payment Systems Oversight Framework 2018 |
| ७. | कम्पनी ऐन, २०६३ | ८. | लेखा परिक्षण ऐन, २०७५ |
| ९. | संस्थाले तर्जुमा गरेका विभिन्न नियमाबली, निर्देशिका, कार्यविधि तथा नीतिगत व्वयस्थाहरु | | |

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः**

कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरू कम्पनीको वेबसाइट www.ndpc.com.np मा प्रकाशित गर्ने गरिएको छ ।

**१३. कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना देहाय बमोजिम रहेको छः
प्रमुख कार्यकारी अधिकृतः कृष्ण प्रसाद भण्डारी
नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१४११७१००, ०१४११७२००
इमेलः krishna.bhandari@ndpc.com.np

**१४. अघिल्लो वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**

यस कम्पनीले भुक्तानी सेवा प्रदायकको रुपमा मोबाइल वितीय सेवा सञ्चालन गर्दै आइरहेको छ र सो बाहेक कुनै विशेष कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**१५. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरणः**

www.ndpc.com.np

**१६. सार्वजनिक निकायले वर्गिकरण वा संरक्षण गरेको सूचना र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

सूचना वर्गिकरण गरिएको अवस्था नभएको ।

सूचनाको अनधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको ।

**१७. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरणः**

कम्पनीको वित्तीय विवरणहरु कम्पनीको वेबसाइटमा प्रकाशित गरिने तथा मुख्य संस्थाको वित्तीय विवरणमा समावेस गरिने । साथै अन्य विभिन्न विषयमा जानकारी तथा तथ्यांकहरु कम्पनीको वेबसाइट www.ndpc.com.np मा समेत प्रकाशित गरिएको ।

NDPC
नेपाल डिजिटल पेमेन्ट्स कं. लि.

**नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड**
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१४११७१००, ०१४११७२००
इमेलः info@ndpc.com.np
वेबसाइटः www.ndpc.com.np